# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

---

खण्ड (५) राजापुर, माघ २६ गते २०७८ साल (संख्या १०)

---


# भाग २

**स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम राजापुर नगरपालिका नगर कार्यपालिका बाट मिति २०७८।१०।२४ गते पारित भई नगर प्रमुखबाट मिति २०७८ माघ २५ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## निशुल्क शिक्षा संचालन सम्बन्धी कार्यविधी, २०७९



दिपेश थारु
नगर प्रमुख

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ क्रम संख्या ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा रहेको शिक्षा सम्बन्धी कार्यक्षेत्रलाई कार्यान्वयन गर्न राजापुर नगरपालिका भित्रका सामुदायिक विद्यालय (बालविकास देखि कक्षा १२ सम्म) पूर्ण निशुल्क शिक्षा संचालन गर्नका लागि स्पष्ट कानूनी व्यवस्था गर्न वाञ्छनिय रहेकोले, राजापुर नगरपालिकामा "निशुल्क शिक्षा संचालन सम्बन्धी कार्यविधी, २०७९" तयार गरिएको छ |

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम "निशुल्क शिक्षा संचालन सम्बन्धी कार्यविधी, २०७९" रहेको छ ।

(२) यो कार्यविधी राजापुर नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको राजापुर नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले राजापुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ग) "समुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरि अनुमति वा स्वीकृति पाउने विद्यालय सम्झनु पर्छ।

(घ) "निशुल्क शिक्षा" भन्नाले सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुबाट प्रदेश र संघीय सरकारको राजस्व बाहेक कुनै पनि किसिमको शुल्क नलिई अर्थात संघ, प्रदेश र स्थानीय तहबाट अनुदान प्राप्त भई संचालित शिक्षा बुझ्नु पर्दछ।

(ङ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने प्रारम्भिक बालविकास वा पूर्व प्राथमिक कक्षा देखि माध्यमिक तहसम्मका शिक्षक सम्झनु पर्छ ।

## परिच्छेद-२

### विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देज

**३. विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देजहरु देहाय बमोजिम हुनेछन्:**

(क) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत पाठयक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) राजापुर नगरपालिकाको नगर शिक्षा समितिको पुर्व स्वीकृति लिएर मात्र थप पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री वातावरण सृजना गर्ने,



दिपेश थारु
नगर प्रमुख

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु पर्ने,

(च) यस कार्यविधी बमोजिम आयव्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैंगिक, सामजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(झ) सामुदायिक विद्यालयमा नगर कार्यपालिकाले तोकेको संख्याको अधिनमा रही विद्यालय व्यवस्थापन समितिले शिक्षक नियुक्ति गर्नु पर्ने,

(ञ) बालविकास देखि कक्षा १२ सम्म पूर्ण रुपमा शुल्क रहित विद्यालय बनाउने,

## परिच्छेद-३

### ४. खर्च निकासा बर्गिकरण:

निशुल्क शिक्षा सञ्चालन गर्नका लागि विद्यालयलमा निकाशा हुने वा शोधभर्ना हुने रकमलाई तपसिल अनुसार बर्गिकरण गरिएको छ ।

४.१ कक्षा ११ र १२ मा निशुल्क शिक्षा सञ्चालनका लागि प्रति विद्यार्थी अनुदान
४.२ शुन्य दरबन्दी/ अनुदान भएका उच्च मा वि मा शिक्षक अनुदान
४.३ विद्यालय तह अतिरिक्त क्रियाकलाप
४.४ विद्धुत शुल्क तथा मर्मत
४.५ परीक्षा सञ्चालन तथा व्यवस्थापन
४.६ नगर अनुदान शिक्षक र थप अनुदान प्राप्त गर्ने शिक्षक कर्मचारीको अनुदान
४.७ नगरपालिकाबाट सञ्चालित वालविकास केन्द्र र सामुदायिक परिचालको थप अनुदान

४.१.१ कक्षा ११ र १२ मा निशुल्क शिक्षा सञ्चालनका लागि प्रति विद्यार्थी अनुदान कक्षा ११ र १२ सञ्चालित विद्यालयहरुलाई कक्षा ११ र १२ मा नियमित रुपमा अध्ययन गर्ने विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु ९००० का दरले विद्यालयलाई निकासा दिइने छ। विद्यार्थी संख्या कक्षा ११ र १२ को अन्तिम परिक्षामा सामेल हुने संख्यालाई आधार मानिने छ।

यस शिर्षक अन्तर्गत निकासा भएको रकम विद्यालयले तपशिल बमोजिम खर्च गर्न सक्नेछन्।

- कक्षा ११ र १२ मा अध्यापन गर्ने शिक्षकको तलबभत्तामा।
- कक्षा ११ र १२ को आन्तरिक परिक्षा सञ्चालनमा।
- कक्षा ११ र १२ को पाठ्यक्रम, शिक्षक निर्देशिका,सन्दर्भ सामग्री खरिदमा।
- कक्षा ११ र १२ को शैक्षिक सामग्री खरिदमा।
- कार्यविधि वन्नुभन्दा अगाडीबाट नियुक्त भई कार्यरत भई नियमित रुपमा कामकाज गरिरहेका कर्मचारीहरुमा ।
- कक्षा ११र १२ को कक्षा कोठा व्यवस्थापन, खानेपानी मर्मत, खेलकुद, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रयोगशालामा समाग्री थप, पुस्तकालयमा ११ र १२ का पाठ्यपुस्तक थप गर्न, शैक्षिक गुणस्तर वृद्धि सम्बन्धि अन्य शीर्षकमा खर्च गर्न सकिनेछ ।

४.२.१ शुन्य दरबन्दी/ अनुदान भएका उच्च मा वि मा शिक्षक अनुदान



दिपेश थारु
नगर प्रमुख

यस शिर्षक अन्तर्गत निकासा भएको रकम शुन्य दरबन्दी/अनुदान भएको माद्यमिक विद्यालय (११-१२) लाई १/१ जना शिक्षक नियुक्त गरी प्रति महिना रु ३२५०० का दरले १३ महिनाको तलबभत्तामा खर्च गर्न सक्नेछन्।

४.३.१ विद्यालय तह अतिरिक्त क्रियाकलाप

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयले शुक्रवार वा अन्य कुनै दिवसका दिन सञ्चालन हुने अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप गर्दा आवश्यक पर्ने तर विद्यालयमा उपलब्ध नभएका सामग्री खरिद र त्यस्ता क्रियाकलापमा प्रथम, द्धितिय र तृतिय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरेको विल/भर्पाई र अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप सञ्चालन गरेको पुष्टी गर्ने अन्य कागजातका आधारमा विद्यालयलाई बढिमा तपशिल बमोजिम निकासा दिइनेछ।

तपशिलः

| क्र.सं | विद्यालय | निकासा हुने रकम |
|---|---|---|
| १ | कक्षा ५ सम्म सञ्चालित | प्रति विद्यालय रु ३२००० |
| २ | कक्षा ८ सम्म सञ्चालित | प्रति विद्यालय रु ४०००० |
| ३ | कक्षा १० सम्म | प्रति विद्यालय रु ५०००० |

४.४.१ विद्धुत शुल्क तथा मर्मत

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयलाई विद्युत महसुलको विल, विद्धुत वाइरिङ र विद्युतिय सामग्री मर्मत गरेको विलका आधारमा भुक्तानी गरिनेछ।

४.५.१ परीक्षा सञ्चालन तथा व्यवस्थापन

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयहरुले प्रथम त्रैमासिक, अर्धबार्षिक र बार्षिक परीक्षा सञ्चालन गर्दा तपशिल बमोजिमको खर्चको विल भर्पाईको आधारमा भुक्तानी दिइनेछ।

तपशिलः

- प्रश्नपत्र छपाईका लागि प्रयोग हुने फोटोकपी पेपर खरिदमा ।
- प्रश्न पत्र छपाई खर्च।
- उत्तरपुस्तिका खरिदमा।
- स्टेश्नरी सामग्रीमा।

४.६.१ नगर अनुदान शिक्षक र थप अनुदान प्राप्त गर्ने शिक्षक कर्मचारीको अनुदान

यस शिर्षक अन्तर्गत विनियोजित भएको रकम विद्यालयको कक्षा संचालन तथा शिक्षण सिकाई सहजिकरण व्यवस्थित गर्नका लागि योग्यता पुगेका कार्यरत मौजुदा नीजि श्रोतका शिक्षकहरुलाई नगरकार्यपालिकाले आवश्यकतानुसार अनुसुची-१ बमोजिम नगरपालिका भित्रका सामुदायिक विद्यालय र थप आवश्यक रहेको शिक्षक व्यवस्थापनमा खर्च गरिनेछ । यस शिर्षक अन्तर्गत विनियोजित अनुदान रकम तपशिल बमोजिम वितरण गरिने छ।

तपशिलः



दिपेश थारु
नगर प्रमुख

- माध्यमिक तह ९-१० मा कार्यरत प्रति शिक्षक प्रति महिना रु ३०९०० का दरले १३ महिनाको ।
- आधारभूत तह ६-८ मा कार्यरत प्रति शिक्षक प्रति महिना रु २८६०० का दरले १३ महिनाको।
- आधारभूत तह १-५ मा कार्यरत प्रति शिक्षक प्रति महिना रु २५१५० का दरले १३ महिनाको ।
- कम्प्युटर शिक्षकको प्रति शिक्षक प्रति महिना रु २६३०० का दरले १३ महिनाको ।
- बाल विकास शिक्षकहरुको थप अनुदान प्रति शिक्षक प्रति महिना रु ८०५० का दरले १३ महिनाको।
- विद्यालयमा कार्यरत लेखापालहरुको थप अनुदान प्रति लेखापाल प्रति महिना रु ४१४५ का दरले १३ महिनाको । १२ कक्षा सञ्चालन भएका विद्यालयले कक्षा ११/१२ को प्रति विद्यार्थी अनुदानबाट थप गरी लेखापालहरुको तलब मासिक रु ८०५० र १० सम्म सञ्चालन भएका विद्यालयले पनि थप गरी मासिक रु ८०५० पुराउने ।
- विद्यालय सहयोगीहरुको थप अनुदान प्रति सहयोगी प्रति महिना रु ८०५० का दरले १३ महिनाको ।
- नगरपालिकाबाट मात्र तलबभत्ता पाउनेगरी नियुक्त भएका विद्यालय सहयोगरीहरुको प्रति महिना रु १६०५० का दरले १३ महिनाको।

४.७.१ नगरपालिकाबाट सञ्चालित वालविकास केन्द्र र सामुदायिक परिचालकको थप अनुदान

यस शिर्षक अन्तर्गत विनियोजित अनुदान रकम तपशिल बमोजिम वितरण गरिने छ।

तपशिलः

- सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालकहरुको थप अनुदान प्रति परिचालक प्रति महिना रु ८००० का दरले १३ महिनाको।
- नगरपालिकाबाट मात्र तलबभत्ता पाउने गरी सञ्चालन भएका बाल विकास केन्द्रमा कार्यरत बाल विकास शिक्षकहरुको प्रति शिक्षक प्रति महिना रु १७००० का दरले १३ महिनाको तलबभत्तामा।
- शिशु स्याहार केन्द्रमा कार्यरत परिचालकहरुको प्रति परिचालक प्रति महिना रु ८००० का दरले १३ महिनाको।
- नगरपालिकाबाट सञ्चालित बालविकास केन्द्र र शिशु स्याहार केन्द्रका बालबालिकाहरुलाई दिवा खाजाको लागि प्रति हाजिर भएका दिनमा रु १५ का दरले हुने रकम ।

५. अनुदान निकासा प्रक्रिया

(क) शुन्य दरबन्दी/ अनुदान भएका उच्च मा वि मा शिक्षक अनुदान रकम, नगर अनुदान शिक्षक र थप अनुदान प्राप्त गर्ने शिक्षक कर्मचारीको अनुदान रकम र नगरपालिकाबाट सञ्चालित वालविकास केन्द्र र सामुदायिक परिचालको थप अनुदान रकम त्रैमासिक रुपमा निकासा गरिनेछ।

(ख) कक्षा ११ र १२ मा निशुल्क शिक्षा सञ्चालनका लागि प्रति विद्यार्थी अनुदान रकम पहिलो त्रैमासिक मा ५० प्रतिशत र तेस्रो त्रैमासिकमा ५० प्रतिशत गरी बर्षमा २ पटक निकासा गरिनेछ।

(ग) विद्यालय तह अतिरिक्त क्रियाकलाप अन्तर्गतको विनियोजित रकम तेस्रो त्रैमासिकमा निकासा गरिने छ।

(घ) विद्धुत शुल्क तथा मर्मत अन्तर्गतको रकम विद्यालयले पेश गरेको विलको आधारमा दोस्रो त्रैमासिक र अन्तिम त्रैमासिकमा निकासा गरिने छ।



दिपेश थारु
नगर प्रमुख

(ङ) परीक्षा सञ्चालन तथा व्यवस्थापनमा विनियोजित रकम अर्धवार्षिक र वार्षिक परिक्षा समाप्त भएको १ महिनाभित्र निकाशा गरिने छ।

(च) विद्यालयबाट अघिल्लो त्रैमासिक निकासा रकमको प्रतिवेदन पेश भएमा मात्र अर्को निकासा गरिनेछ ।

६. विद्यालयमा प्राप्त अनुदान खर्च गर्ने प्रक्रिया

(क) विद्यालयले नगरपालिकाबाट प्राप्त गर्ने अनुदानलाई अनिवार्य रुपमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च लेख्नु पर्नेछ ।

(ख) विद्यालयले यस कार्यविधीको बुँदा नम्बर ४ को ४.१, ४.२, ४.३, ४.४, ४.५, ४.६, ४.७ मा तोकिएको शीर्षक अनुसार खर्च लेख्न पाइने छ ।

(ग) शिक्षक, कर्मचारीको तलव भत्ताका लागि उपलब्ध गराईएको अनुदान सो शीर्षकमा खर्च गरी सोको तलबी भरपाई नगरपालिकामा त्रैमासिक रुपमा अनिवार्य पेश गर्नुपर्ने छ ।

(घ) विद्यालयले यस कार्यविधी बमोजिम रकम खर्च नगरेको पाईएमा अनुदान रकम रोक्का गर्न सकिनेछ ।

७. प्रतिवेदन पेश गर्नुपर्ने

विद्यालयले नगरपालिकाबाट प्राप्त अनुदानको खर्च विवरण त्रैमासिक रुपमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

८. कार्यविधीको व्याख्या तथा संशोधन

यस कार्यविधीमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा प्रचलित कानून बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै कार्यविधी संशोधन आवश्यक भएमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।



दिपेश थारु
नगर प्रमुख